प्रमुख अतिथि श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू
विशेष अतिथि स्थानीय विकास अधिकारीज्यू
कार्यक्रममा उपस्थित हुनु भएका राजनैतिक दलका जिल्ला स्तरीय तथा नगरस्तरीय प्रमुख तथा प्रतिनिधि ज्यूहरु
पत्रकार महासघ इलामका अध्यक्ष तथा प्रतिनिधज्यू
छापा तथा विधुतिय संचार माध्यममा आवद्ध सम्पूर्ण संचारकर्मी मित्रहरु
प्रत्यक्ष प्रसारण सुनिरहनु भएका सम्पूर्ण दाजु भाई दिदी वहिनीहरु
कार्यक्रममा आमन्त्रित महानुभावहरु

**सर्वप्रथम म नेपालमा भएका विभिन्न लोकतान्त्रिक आन्दोललहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।** आज यहाँहरु माझ देउमाई नगरपालिकाको दोस्रो नगरपारिषवाट स्वीकृत आर्थिक वर्ष २०७३/०७४ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफूलाइ गौरवान्वित महशुस गरेको छु । यस अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी आफ्नो व्यस्त समयका बावजुद उपस्थित हुनु हुने प्रमुख अतिथि,विशेष अतिथि,अतिथिज्यूहरु, सवै राजनितिक दलका जिल्ला तथा नगर प्रमुख तथा प्रतिनिधिज्यूहरु,सम्पूर्ण आमन्त्रित माहानुभावज्यूहरु, पत्रकार मित्रहरुलाई देउमाई नगरपालिका तथा मेरो व्यक्तिगत तर्फवाट हार्दिक स्वागत गर्दछु ।

**आदरणीय महानुभावहरु**

देउमाई नगरपालिकाको आर्थिक वर्ष २०७३/०७४ को वार्षिक नगर विकास योजना तर्जुमा गर्ने क्रममा निर्वाचित जनप्रतिनिधिहरुको रिक्तता महुसस हुँदाहुदै पनि यथासम्भव नगरवासीहरुको माग र आवश्यकतालाई समेट्ने प्रयत्न गरेको छु । विशेष गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली,२०५६,नगरपालिकाको वार्षिक योजना तर्जुमा कार्यविधि,२०६८ र स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि,२०६९ मा गरिएको व्यवस्थाहरुको पालनालाई विशेष ध्यान दिई योजना तर्जुमाका सम्पूर्ण चरणहरु अवलम्वन गर्ने प्रयास गरिएको कुरा म यहाँहरु समक्ष निवेदन गर्न चाहान्छु । त्यसैगरी नगर विकास योजना निर्माणका लागि चालु त्रिवर्षिय योजना,सहश्राव्दी विकास लक्ष,संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय एवं जिल्ला विकास समिति,इलामवाट प्राप्त मार्गदर्शनलाई समेत आधार मानिएको व्यहोरा अवगत गराउन चाहन्छु । आगामी नगरविकास योजनालाई नगरपालिकाका विभिन्न टोलवस्ती संगठनहरु,नागरिक वडामञ्चहरु, विभिन्न विषयगत समितिहरु,लक्षित समुहहरु,राजनैतिक दलहरु,विषयगत सरकारी कार्यालयहरु तथा गौर सरकारी संघ सस्था,नागरिक समाज,बुद्धिजिवीवर्ग लगायतवाट प्राप्त सुझाव,वडास्तरीय भेलावाट आएको प्रथमिकिकरण,एकीकृत योजना तर्जुमा समितिको सिफारिसको आधारलाई समेत ध्यान दिई नगरपालिकाका बोर्ड बैठकवाट सिफरिस भै नगरपरिषदवाट स्वीकृत गरिएको छ ।

**अव म चालु आ.व.मा नगरपालिकाले गर्न लागेको महत्वपूर्ण कार्यहरु यहाँहरु समक्ष राख्न चाहन्छु ।**

देउमाई नगरपालिका घोषणा भएको गत मंशीर १६ गते एक वर्ष पुगेको छ । विगतको नगरपरिषदवाट गरिएका विभिन्न निर्णयहरु र नगर विकासका लागी पारित गरिएका नीतिगत व्यवस्थाहरु चालु आ.व.मा कार्यान्वयनको चरणमा रहेका छन । स्थानीय सरकारको भुमीका निर्वाह गर्नुपर्ने अवस्थामा मौजुदा रहेको जनशक्ति र साधनवाट दिनानुदिन वढ्दै गएको जन अपेक्षालाई सम्वोधन गर्न निकै जटिल हुदो रहेछ । यद्यपी नगरवासीहरुको हित र सुविधाका लागि शहरी सुशासन,सामाजिक विकास एंव पूर्वाधार निर्माण तथा श्रोत परिचालन सम्वन्धमा गर्न लागेको उल्लेखनिय कार्यहरुको संक्षिप्त विवरण पेश गर्न चाहन्छु ।

नयाँ नगगरपालिका भएको करण यति छोटो अवधिमा ठुलो उपलव्धिको अपेक्षा राख्न सकिन्न । नगरपालिका घोषणा पछिको पहिलो आर्थिक वर्ष विताई रहेको हुँदा चालु आ.व.को मध्यवधि सम्म आई पुग्दा हामीले महत्वपूर्ण उपलव्धि हासिल गर्ने प्रयास गरेका छौं । सहमतिकै आधारमा फोहोर व्यवस्थापनको लागी ल्याण्डफिल्ड साइटको पहिचान गरी निर्माण कार्यको प्रारम्भ गरिएको छ । त्यस्तै फोहेरलाई व्यवस्थापनका लागी टोल वस्ती समिति गठन र सञ्चालनको कार्य यथाशिध्र् शुरु गरिने छ । नगरको पहिचान दिलाउनका

लागी प्रवेशद्धार तथा हालको प्रहरी विट रहेको स्थानमा फुलवारी पार्कको निर्माण कार्य यसै आ.व.मा शुरुआत गरिने छ भने टेक्सी स्टेन र वस पार्कलाई छुट्टै राख्ने कार्य यसै आ.व.मा सम्पन्न गरिने प्रयास गरिने छ। त्यस्तै खुला दिसामुक्त क्षेत्र घोषणा भएर पनि सार्वजनिक शौचालय नभएको विडम्वनालाई अन्त्य गर्दै यसै आ.व.मा तिनवटा सार्वजनिक शौचालय निर्माणको कार्य प्रारम्भ गरिने छ। नगर भित्रको सम्पूर्ण सार्वजनिक तथा सरकारी जग्गाको विवरण तयार गरी भू-उपयोग नीति र नगर यातायात गुरु योजनाको तयारी गरी सडकलाई नेपाल सरकारको मापदण्ड अनुकुलको वनाउने प्रयास गरिने छ भने यसै आ.व.को अन्त सम्ममा यस नगरपालिकालाई प्लास्टिक मुक्त र धुवामुक्त नगरको रुपमा घोषणा गरिने छ। यी सम्पूर्ण लक्ष्य पुरा गर्न नगरपालिकाले सम्पूर्ण नगरवासीहरुको सहयोगको अपेक्षा गरेको छ।

**आदरणीय महानुभावहरु**

यही चालु आ.व.मा नगरपालिकाले आफुले सम्पादन गरेका नियमित सेवा तथा विकास कार्यहरुमा जवाफदेहिता बृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा,सुझाव र प्रतिकृयाका लागि देउमाई नगरपालिकाको यसै सभाहलमा एउटा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ भने निरन्तर रुपमा नगरपालिकाको गुनासो र सुझाव व्यवस्थापनको लागी कार्यालयमा गुनासो सुन्ने अधिकारी तोकी कार्यालय परिसरमा सुझाव पेटिका राखी अनुगमन गर्ने व्ययवस्था गरिएको छ । साथै सूचना व्यवस्थापनका लागी सूचना अधिकारी एवं नगरपालिकाको वेव पेजमा नगरपालिकावाट सञ्चालित गतिविधिहरुको जानकारी,कार्यालय परिषरमा नागरिक वडापत्र,हेलो देउमाई नगरपालिका नामक फेसवुक तथा फेसवुक पेजको व्यवस्था गरि सूचनाहरु प्रवाह र गुनासो सुन्ने व्यवस्था गरी सुशासन बृद्धिमा निरन्तर आफ्नो पाइला चालिरहेको छ । यस अवधिमा लेखाप्रणलीमा सफ्टवेयर सञ्चालन भै सकेको, घटना दर्ता online मा र विविध आय तथा मालपोत असूली कार्यको कार्य सम्पादनमा सफ्टवेयर जडान गर्ने कार्य यसै महिना सम्पन्न गरिने व्यहोरा यहाँहरुलाई निवेदन गराउन चाहन्छु।

**आदरणीय नगरवासी दाजु भाई तथा दिदी वहिनीहरु**

अव म आगामी आर्थिक वर्ष २०७३/०७४ मा देउमाई नगरपालिकाले अवलम्वन गर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु

**१.रोजगारी तथा गरिवी निवारण**

- देउमाई नगरपालिका भित्र रहेका अति विपन्न परिवारको पहिचान र अवस्था विश्लेषण गरी परिचय पत्र वितरणका माध्यमवाट सरकारी तथा गैर सरकारी निकायहरुवाट प्रदान गरिने सेवा सुविधालाई एकीकृत गर्दै उनीहरुको जिवनस्तरमा सुधार ल्याई गरिवीको रेखामुनी रहेको जनसंख्यालाई माथि उकास्न गरिवी निवारण विशेष कार्य योजना वनाई लागू गरिनेछ । जसका लागी लक्षित वर्गका कार्यक्रमहरुमा सीपमूलक र आयआर्जनमूलक कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।

-शीप सिकेर कृषि तथा उधोग व्यवसाय कार्यमा लाग्न चाहने युवाहरुलाई व्यवसायिक कृषि तथा आय आर्जनका गतिविधिमा आकर्षण गर्न विशेष सहयोग गरिने छ । जसवाट युवाहरुलाई विदेश पलायन हुने कार्य केही हद सम्म रोकिने अपेक्षा गरिएको छ।

-नगरक्षेत्र भित्र वसोवास गरेका श्रम सक्रिय जनशक्तिलाई स्वरोजगार तर्फ उन्मुख गराउन घरेलु तथा साना उधोग कार्यालय तथा सीप तथा व्यवसायिक प्रवर्द्धन गर्ने निकायहरुसंग आवश्यक समन्वय गरिने छ भने नगरभित्र सञ्चालन हुने विभिन्न सिपमूलक कार्यक्रमहरुमा पनि सम्लग्न गराइनेछ।

**२.भौतिक पूर्वाधार विकास नीति**

थुप्रै स-साना सडकहरुमा रकम विनियोजन गर्दा रकम छरिन गई अपक्षित प्रतिफल प्राप्त हुन नसक्ने भएकोले क्षेत्रगत सन्तुलनलाइ ध्यान दिई महत्वपूर्ण मानिएका सडकहरुलाई पहिलो प्राथमिकतामा राखी रकम विनियोजन गर्ने नीति लिएको छ । देउमाई नगरपालिकामा वजार क्षेत्र विस्तारको लागी रिङ्गरोड खोल्ने कार्य शुरु गरिनेछ त्यसको लागी आवश्यक वजेट विनियोजन गरेको छु । नयाँ सडक वनाउने भन्दा पनि भै रहेका सडको गुणस्तरीय स्तरउन्नतीको कार्यलाई पहिलो प्रथमिकतामा राखिनेछ। ग्रामीण सडक सन्जाल निर्माण तथा सिचाई आयोजनाहरु छनौट गर्दा कृषि पकेट क्षेत्रहरुलाई आधार लिइने छ । सडक

मर्मत सम्भार कोषको उचित व्यवस्थापन गरिने छ । जसको लागी प्रत्येक सडकका लागि विनियोजित वजेटको ५ प्रतिशत रकम कट्टा गरी  उक्त कोषमा जम्मा गरिने छ । साझेदारीमा मर्मत सम्भार कार्य सञ्चालन गरिने छ । नगर यातायात गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ । आगामी आ.व.देखी सडक निर्माणमा वजेट विनियोजन गर्दा नगर यातायात गुरु योजना लाई मार्गदर्शनको रुपमा लिई वजेट विनियोजन गरिने छ । संरचना निर्माण गर्दा अपाङ्ग तथा वालमैत्री संरचनामा जोड दिइने छ ।

### ३. खानेपानी,वातावरण र सरसफाई

-स्वच्छ खानेपानी विकासको पहिलो पूर्वाधार भएकोले खानेपानी नपुगेका वस्तीहरुको पहिचान गरी त्यस्तो वस्तीहरुमा खानेपानी पुर्याउने कार्यलाई पहिलो प्रथमिकता दिइने छ  । पानीको मुहान संरक्षणको लागी एक गाउँ एक पोखरीको कार्यक्रम ल्याइने छ ।

-खुला दिशा मुक्त क्षेत्र घोषणा भै सकेको सन्दर्भमा यसलाई निरन्तरता दिनका लागि मानिसहरुको भिडभाड हुने सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण र सञ्चालनको कार्यलाई अगाडी वढाईने छ । नगरको सरसफाईको कार्यलाई सरकारी,गैरसरकारी,निजी क्षेत्र तथा नागरिक समाज र संचारकर्मीहरुको सहयोगमा अभियानका रुपमा यसलाई अगाडी वढाईने नीति लिइने छ । नगरलाई प्लाष्टिकमुक्त र धुँवामुक्त नगर धोषणा गरिनेछ यसका लागी प्लाष्टिक मुक्त र सुधारिएको चुल्हो निर्माण गर्ने कार्यक्रमलाई समावेश गरेको छु ।

-फोहोर व्यवस्थापनका लागी ल्याण्डफिल्ड साइटको पहिचान गरि त्यसको निर्माण कार्य प्रारम्भ गरिसकिएको छ । नियममित फोहोर उठाउने कार्यलाई थप व्यवस्थित वनाइनेछ ।

### ४. विधुत तथा वैकल्पिक उर्जा

- वढ्दो विधुतको प्रयोगलाई मध्यनजर गर्दे नेपाल सरकारको नीति अनुरुप अव वन्ने नयाँ संरचनाहरुमा कुल उपयोगको कम्तीमा २५ प्रतिशत विधुत सोलार प्रणलीवाट आपूर्ति हुने व्यवस्थालाई प्रोत्साहित गरिने छ ।

-देउमाई नगरपालिकाको वजार क्षेत्रमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग सहकार्य गरी आगामी आ.व.भित्र सडक वत्तीको लागी सोलार जडान गर्ने काम सम्पन्न गरिने छ । जसको लागी अवश्यक वजेटको व्यवस्था गरेको छु ।

-विधुत लाईन विस्तार नभएका नगरपालिकाकाका क्षेत्रहरुमा अवश्यकता तथा लागत सहभागिताको आधारमा विधुत लाईन विस्तारको कामलाई यसै आ.व.मा शुरु गरिनेछ । भने आगामी आ.व.मा समेत त्यसलाई निरन्तरता दिइनेछ ।

### ५.शिक्षा

-नगरपालिका क्षेत्रका प्रथमिक उमेरका सम्पूर्ण  वालवालिकाहरुलाई अनिवार्य विद्यालय भर्ना गर्न गराउन र विद्यालय छाड्ने प्रवृत्तीलाई निरुत्साहित गर्न सामाजिक परिचालकहरु मार्फत प्रोत्साहित गरि साक्षारता प्रतिशतमा सुधार ल्याइने छ । जसको आधारकोरुपमा वालवालिका लक्षित कार्यक्रम मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन हुने व्यवस्था मिलाएको छ ।।

-नगरपालिका भित्रका विद्यालयवाट SLC मा उत्कृष्ट अंक ल्याउने एकजना छात्र र एक जना छात्रा र दलित मध्येवाट सर्वोत्कृष्ट अंक प्राप्त गर्ने एक जनालाई दोहोरो नपर्ने गरि पुरस्कार उपलव्ध गराईने व्यवस्था गरेको छु ।

-नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास र स्तरोन्नत्तीकाको लागी विकास साझेदारहरुसंग समन्वय गरि श्रोतको व्यवस्थापन गर्ने नीति अगाडी वढाईनेछ ।

### ६.स्वास्थ्य

-नगरको स्वास्थ्य संस्था र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा चौविसै घण्टा स्वास्थ्य सेवा उपलव्ध गराउने कार्यका लागी जिल्ला स्वास्थ्य कार्यालय मार्फत आवश्यक स्रोतसाधनको व्यवस्थापनको पहल गरिनेछ भने

नगरपलिकाको स्रोतले भ्याए सम्म विभिन्न सहयोगहरु उपलव्ध गराईनेछ । र यस क्षेत्रमा क्रियाशिल संघ सस्थाहरुवीचको समन्वय सुदृढ गराइनेछ ।
नगरपालिका क्षेत्र भित्रका वालवालिकाहरुको लागी विभिन्न स्वास्थ्य सम्वन्धि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
-विभिन्न लक्षित वर्गको मागमा आधारित भएर विभिन्न स्वस्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।
-नवजात शिशुहरुलाई दिइने खोपको मात्रा पुरा गराउने कार्यलाई प्रथमिकतामा राखीनेछ र पूर्ण खोप सुनिश्चित नगर घोषण भै सकेको सन्दर्भमा यसलाई निरन्तरता दिइनेछ । भने पोलियो तथा भिटामिन खुवाउने राष्ट्रिय कार्यक्रममा खटिएका स्वाथ्य संयम सेविकाहरुलाई खटिएको हाजिरीको आधारमा खटिएको दिनको खाजा भत्ता उपलव्ध गराउने कार्यक्रम राखिएको छ ।
-स्वास्थ्य सम्वन्धी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ७.कृषि तथा पशु

-निर्वाहमुखी खेती प्रणालीलाई व्यसायिक कृषि प्रणालीतर्फ उन्मुख गर्ने नीति लिइनेछ ।
-उन्नत खालका पशुपालन व्यवसाय गर्ने कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।
-कृषि सहकारितालाई र सामुहिक खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ । यसलाई उत्पादकत्व वृद्धिको आधार वनाईनेछ
-मागको आधारमा वेमौसमी तरकारी खेती,मौरीपलन,वाख्रापालन,ललिपप तथा पनिर उत्पादन लगायत कृषिसंग सम्वन्धित विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन हुने व्यवस्था मिलाइएकोछ ।
-कृषि पकेट क्षेत्रलाई आधार लिई एकीकृत रुपमा सुविधा विस्तार गरि जिल्लाको उत्पादन र उत्पादकत्व वृद्धि गर्न जिल्ला कृषि विकास कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरिनेछ । भने मागको आधारमा केही सिचाई कुलोहरुको मर्मत सम्भारको कार्यक्रम राखेको छु ।

## ८.सहकारी,गरिवी न्युनिकरण तथा उद्यमशीलता विकास

-विपन्न लक्षित समूहका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु गै.स.स.को समेत समन्वय र साझेदारीमा सञ्चालन गरिने नीति लिइनेछ । सहभागिताको माध्यमवाट ग्रामीण गरिवी न्यूनिकरण एंव सामाजिक पूजि निर्माणमा जोड दिइनेछ ा

## ९.पर्यटन

-पर्यटन प्रवर्द्धनका लागी नगरका प्रमुख पर्यटकीय स्थलहरुको पूर्वाधार विकास गरिनेछ । नगरपालिका क्षेत्रभित्र रहेको नागी क्षेत्रको संरक्षण गरी पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।
-नगरक्षेत्रमा पर्यटन प्रवर्द्धनका लागी पर्यटनसँग सम्वन्धित व्यवसायी तथा निकायहरुसँग सहकार्य गरिने नीति लिइनेछ

## १०.सूशासन तथा संस्थागत विकास

-नगरपालिकावाट जनतालाई उपलव्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नगरपालिकाको नगरिक वडापत्र तयार गरी राखिएकोछ । भने सुचना अधिकारीको व्यवस्था गरिसकिएको छ ।
-नगरपालिकामा सञ्चालित विकास निर्माण लगायत सवै कार्यक्रमको नियमित अनुगमन,प्रगति समीक्षा, समन्वय वैठक,सार्वजनिक सुनुवाई,सामाजिक परिक्षण आदि मार्फत सूशासनमा जोड दिइनेछ ।
-नगरपालिकाको website www.deumaimun.gov.np मा सूचनाहरु राखिने छन भने हेलो देउमाई नगरपालिका नामक फेसवुक पेजवाट सूचना प्रवाह गर्ने र गुनासोहरु सुन्ने कामलाई थप प्रभावकारी वनाइनेछ ।
-नगरपालिकामा सञ्चालन हुने महत्वपूर्ण कार्यक्रमहरुको रेडियोवाट सूचना प्रवाह गर्ने कार्यलाई थप प्रभावकारी वनाइनेछ । भने देउमाई नगरपालिकाको गतिविधिहरु नियमितरुपमा FM रेडियोहरुवाट प्रशारण हुने व्यवस्था मिलाईनेछ ।

## ११.लक्षितवर्ग तथा समावेशीकरण

- लक्षित समूहका नगरस्तरीय समितिहरु गठन गरिनेछ र लक्षित वर्गका कार्यक्रमहरु सोही समिति मार्फत सञ्चालन गरिने छ ।
- लक्षितवर्ग तथा सामाजिक समावेशीकरणतर्फ सामाजिक परिचालनको माध्यमद्धारा लक्षित समुहलाई सशक्तिकरण गरी मागमा आधारित विशेष गरी सीपमुलक र आयआर्जन गर्ने कार्यक्रमलाई प्रथमिकता दिई अझ प्रभावकारीरुपमा सञ्चालन गरिनेछ ।

**-लक्षित समूह अन्तर्गत महिला समूह तर्फ** उनिहरुको सीप विकास हुने र आयआर्जनका कार्यक्रमहरु लाई मागको आधारमा प्राथमिकतामा राखेकोछु ।

-मागको आधारमा वार्ड परिषदवाट पारित भई आएका वेमौसमी तरकारी खेती,वाखापालन,मौरीपालन,ललिपप तथा पनिर उत्पादन र मुडा वुन्ने तालिम जस्ता सिपमूलक र उत्पादनमूलक कार्यक्रमहरुलाई समोश गरेकोछु ।

-महिलाहरुको मागको आधारमा चालु आ.व.मा जस्तै एउटा स्वास्थशिविर सञ्चालन गर्ने व्यवस्था गरेको छु ।

-महिलाहरुको स्वास्थ्यमा उल्लेखनिय सुधारकालागी **सुधारिएको चुल्हो कार्यक्रम** सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

-महिलाहरुको वौद्धिक तथा क्षमता विकासका लागी प्रस्तावना लेखा कार्यक्रमलाई यस आ.व.मा जस्तै आगामी आ.व.मा समेत निरन्तरता दिएकोछु।

**-लक्षित समूह अन्तर्गत वालवालिका तर्फ** वालश्रम उन्मुलन र वाल अधिकारसँग प्रत्यक्ष सम्वन्ध राख्ने तथा वालमैत्री स्थानीय शासनलाई टेवा पुग्ने कार्यक्रमलाई अगाडी वढाईनेछ ।

-वालवालिकाको शैक्षिक स्तरमा गुणात्मक सुधार ल्याउनकालागी नगरभित्रका सामुदायिक विद्यालयहरुमा वालपुस्तकालय,खानेपानीको व्यवस्था,खेलमैदान मर्मत सम्भारको व्यवस्थालाई प्राथमिकतामा राखिएकोछ ।

-वाल क्लव तथा वाल सञ्जाल गठन मार्फत उनिहरुकै सम्लग्नतामा वालश्रम न्यूनिकरण,जन्मदर्ता अभियान,पूर्णखोप कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

-वाल भित्ते पत्रिका प्रकाशन गर्ने विद्यालयका वाललालिकालाई भित्ते पत्रिका प्रकाशनका लागी आवश्यक सामाग्री उपलव्ध गराउने व्यवस्था मिलाएकोछु ।

**-लक्षित समूह अन्तर्गत आदिवासी जनजाती तर्फ** विभिन्न आयआर्जनका कार्यक्रमहरुलाई नै प्राथमिकतामा राखेकोछु ।

-विभिन्न आयआर्जन र सीपमूलक कार्यक्रमहरु मार्फत गरिवी निवारणका कार्यक्रम समावेश गरेको छु ।

**-लक्षित समूह अन्तर्गत दलित र अपाङ्ग तर्फ समेत** आयआर्जन र सीपमूलक कार्यक्रमहरुमा जोड दिइएकोछ

- जेष्ठ नगरिकको सम्मानका लागी दे.न.पा.९ स्थित आलटारमा **जेष्ठ नगरिक भेटघाट चौतारो** निर्माण गरिनेछ भने जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

-युवाहरुको खेलकुदको विकासको लागी नगरस्तरीय खेलकुद समिति गठन गरिनेछ र सोही समिति मार्फत नगरभित्रको खेलकुदका कार्यक्रमहरु प्रभावकारीरुपमा सञ्चालन गर्ने नीति लिइनेछ । नगरपालिका क्षेत्रका दुईवटा विद्यालयमा वास्केटवल कोर्टको निर्माण गरिने छ ।

## १२.मानव संशाधन विकास

-जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी वनाउन सो कार्यमा संम्लग्न जनशक्तिको सीप र क्षमता विकास सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसै आ.व.भित्र यस कार्यालयमा कार्यरत जनशक्तिलाई कम्प्यूटर तालिम दिइनेछ ।

## १३.राजस्व तथा वित्तिय व्यवस्था नीति

-नगरपालिकाको आन्तरीक आय वृद्धि गर्ने कार्यलाई अभियानकारुपमा अगाडी वढाईनेछ । यसका लागी करदाताहरुको लगतलाई अद्यावधिक गर्ने, थप करको दायरामा ल्याउने तथा वक्यौता करलाई सेवाग्राहीको सेवासँग आवद्ध गरि कर असुलीलाई प्राथमिकता दिइनेछ

-आगामी वर्षवाट एकीकृत सम्पति कर लगाइने छ र त्यसको लागी यसै वर्ष प्रशस्त गृहकार्य गरी आधार तयार गरिनेछ ।
-करदातामैत्री वातावरण सिर्जना गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । कर तिर्नु असल नागरिकको कर्तव्य हो भन्ने भावनाको विकास गरिनेछ भने आगामी आर्थिक वर्षवाट करदाता मध्ये सवैभन्दा वढी कर तिर्ने एकजना करदातालाई उचित सम्मान सहित राजस्व परामर्श समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा राखिनेछ ।

**आदरणिय महानुभावहरु,**
**अव म आगामी आ.व.को आय व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।**

विगतको परिषदवाट स्वीकृत आय व्यय विवरणलाई मन्त्रालयवाट प्राप्त अख्तियारी वमोजिम संशोधन गरिएको छ । चालु आ.व.का लागि कुल वार्षिक वजेट रु ३ करोड ७० लाख १३ हजार विनियोजन गरिएकोछ । जसमध्ये चालु तर्फ रु ७९ लाख ५३ हजार र पूँजिगत तर्फ रु २ करोड ९० लाख ६० हजार रहेको छ । भवन निर्माणको लागी रु १ करोड र सडक वोर्ड तर्फको रु १० लाख प्राप्त हुने आश्वासन पाए पनि हाल सम्म अख्तियारी प्राप्त नभएकोले कुल वजेट रकम कम हुन गएको हो ।

देउमाई नगरपालिकाको आ.व.२०७३/०७४ को लागी कूल आन्तरिक आय तर्फ रु ३२,००,००० अनुमान गरिएको छ भने वाह्य आय तर्फ रु ३ करोड ७ लाख ८७ हजार गरी जम्मा रु ३ करोड ३९ लाख ८७ हजार अनुमान गरिएको छ । जस मध्ये चालु खर्च रु ८४ लाख ७० हजार र पूँजीगत खर्च रु २ करोड ५५ लाख १७ हजार विनियोजन गरिएको छ । यसरी हेर्दा कुल वजेटको करिव २५ प्रतिशत चालु वजेट र करिव ७५ प्रतिशत पुँजीगत वजेट हुन आउछ ।
अव म दोस्रो नगर परिषदवाट पारित आगामी आर्थिक वर्ष २०७३/०७४ को योजना,कार्यक्रम र वजेटको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## पूँजिगत खर्चको क्षेत्रगत वाँडफाँड

| क.स. | खर्चको मुख्य क्षेत्र | वजेट रकम | योजना संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सामाजिक आर्थिक पूर्वाधार | ५२,१९,०००। | ७ वटा | ५लाख आन्तरीक आय उठेमा मात्र |
| २ | महिला लक्षित कार्यक्रम | १२,१०,०००। | १७ वटा | |
| ३ | बालवलिका लक्षित कार्यक्रम | १२,१०,०००। | २५ वटा | |
| ४ | आदिवासी जनजाती लक्षित कार्यक्रम | ५,४४,०००। | ७ वटा | |
| ५ | दलित लक्षित कार्यक्रम | ४,५४,०००। | ८ वटा | |
| ६ | अपाङ्ग लक्षित कार्यक्रम | ४,५४,०००। | ९वटा | |
| ७ | जेष्ठ नागरिक लक्षित कार्यक्रम | १,५०,०००। | ३वटा | |
| ८ | युवा लक्षित कार्यक्रम | २,१३,०००। | २वटा | |
| ९ | प्रवर्द्धनात्क कार्यक्रम | ४०,४६,०००। | ३४ वटा | ९ लाख आन्तरीक आय उठेमा मात्र |
| १० | आयोजना व्यवस्थापन खर्च | ७,७०,०००। | ८वटा | |
| ११ | समपुरक कोष (सोलार वत्ती/अन्य समपुरक | २५,३०,०००। | | |
| | जम्मा | १,५४,००,०००। | | |

## आय विवरण

| क.स. | आय शिर्षक | आय विवरण | |
|---|---|---|---|
| | | चलु आ.व.को संशोधित | आ.व.२०७३/०७४ को अनुमानित |
| १ | आन्तरिक आय | २०००००० | २०००००० |
| २ | वाह्य आय | ० | ० |
| १ | नगर अनुदान | २२०००००० | १९०००००० |
| २ | स्थानीय विकास शुल्क पूँजीगत | ८७४३००० | ८७१७००० |
| ३ | राजस्व बाँडफाँड | १२००००० | १२००००० |
| ४ | एल.जि.सि.डि.पी. चालु | ३०७०००० | ३०७०००० |
| ४ | भवन निर्माण | ० | ० |
| ६ | सडक वोर्ड | ० | ० |
| | **कुल जम्मा** | **३,७०,१३,०००।** | **३,३९,८७,०००।** |

**पुंजीगत कार्यक्रमको विस्तृत विवरण योजना पुस्तिकामा संम्लग्न भई पछि प्राप्त हुनेछ ।**
**आदरणीय माहानुभावहरु,**

देउमाई नगरपालिकाको दोस्रो नगरपरिषदवाट आ.व. २०७३/०७४ को वार्षिक नीति,कार्यक्रम तथा वजेट सर्वजनिकरण भइरहँदा राजनीतिकदल,विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु,एकीकृत योजना तर्जुमा समितिका सदस्यहरु,विभिन्न समिति,उपसमितिका सदस्यहरु,पेशाकर्मी,नागरिक समाज,पत्रकार,स्थानीय प्रशासन,टोल वस्तीका स्थानीय वासिन्दाहरु,गै.स.स. एंव योजना निर्माण टोलीमा संम्लग्न भई सक्रियतापूर्वक समय मै कार्य सम्पादन गरी यो परिषदलाई सम्पन्न गर्न महत्वपूर्ण योगदान गर्ने नगरपालिका कार्यालयका कर्मचारी साथीहरु लगायत सवै प्रति धन्यवाद सहित आभार व्यक्त गर्न चाहन्छु । भने नगरपालिकाको विकासका लागी योजना तर्जुमामा आफ्नो महत्वपूर्ण सुझाव र दृष्टिकोण दिई मार्गदर्शन गर्नुहुने अग्रज दाजुहरु राम राना र होम दुलाल प्रति कृतज्ञ छु ।
दोस्रो नगर परिषदद्धारा आ.व.२०७३/०७४ को लागी स्वीकृत वार्षिक योजना अनुसारका कार्यक्रमहरु सहजतापूर्ण सञ्चालन गर्न सवै सित सहयोगको अपेक्षा गर्दछु । यो दोस्रो नगरपरिषद गरिरहँदा भएका कमिकमजोरीहरुलाई आगामी योजना र कार्यक्रममा सुधार गर्ने प्रतिवद्धता व्यक्त गर्दै नगरवासी दाजु,भाई तथा दिदी,वहिनीहरु सवैको हित हुने गरी प्राप्त भएका महत्वपूर्ण राय सुझावका लागी म स्वागत गर्दछु ।

**धन्यवाद ।**
**केशवकुमार ढकाल**
**कार्यकारी अधिकृत/प्रमुख**
**देउमाई नगरपालिका कार्यालय**
**मंगलवारे, इलाम**